# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, चैत्र ७ गते २०२३ साल [ संख्या ४६

श्री ५ को सरकार

### गृह पञ्चायत–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको "जिल्ला–पञ्चायत (कार्य व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०२३" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

#### जिल्ला–पञ्चायत (कार्यव्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०२३

जिल्ला–पञ्चायत (कार्यव्यवस्था) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

जिल्ला–पञ्चायत ऐन, २०१९ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "जिल्ला–पञ्चायत (कार्य व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. मूल नियमावलीको नियम २५ मा संशोधनः– मूल नियमावलीको नियम २५ मा रहेको "पञ्चायत विकास विभाग" भन्ने शब्दहरूको सट्टा "गृह पञ्चायत–मन्त्रालय" भन्ने शब्दहरू राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि पुछ्याइएको लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३२ मा संशोधन:– मूल नियमावलीको नियम ३२ पछि देहायको ३२ क. राखिएको छ:–

३२. क. कायम मुकायम मुकरर गर्ने:– (१) जिल्ला–पञ्चायत कार्यालयमा एकाउण्टेण्ट वा सो सरह वा सोभन्दा माथिल्लो तहका पदमा कायम मुकायम मुकरर गर्न सकिने छ। सोभन्दा मुनिका पदमा कायम मुकायम मुकरर गरिने छैन। देहायका पदको निमित्त देहायका पदाधिकारीले कायम मुकायम मुकरर गर्ने छन्:–

(क) पञ्चायत विकास अधिकारी पदमा:– प्रमुख जिल्ला अधिकारी भएको ठाउँमा निजले र निज नभएको ठाउँमा अञ्चलाधीशले,

(ख) सहायक पञ्चायत विकास अधिकारी र एकाउण्टेण्ट पदमा:–जिल्ला–पञ्चायत सचिवले,

(२) उप–नियम (१) बमोजिम कायम मुकायम गर्ने कर्मचारीले कायम मुकायम गरेको पदको तलब निजामती सेवा नियमावलीबमोजिम पाउने छ।

४. मूल नियमावलीको नियम ४८ मा संशोधन:– मूल नियमावलीको नियम ४८ को सट्टा देहायका नियम ४८ राखिएको छ:–

४८. जिन्सी किताब र सम्बन्धित मालसामान सुरक्षित राख्ने:– (१) जिल्ला–पञ्चायतले जिन्सी सम्पत्तिलाई श्री ५ को सरकारको अड्डामा प्रचलनमा रहेबमोजिमको ढाँचाको किताबमा आम्दानी बाँधी सोही प्रचलन अनुसार उपयोग गर्नुपर्दछ।

(२) जिन्सी मालसामानसम्बन्धी आय–व्ययको सम्पूर्ण हिसाब-किताब र अन्य सबै कागजपत्रहरू तथा मालसामान जिल्ला–पञ्चायत सचिवको रेख–देख तथा नियन्त्रणमा सो मालसामान बुझ्ने अधिकारीको जवाफदेही र जिम्मा रहने छ।

(३) जिल्ला–पञ्चायतको जिन्सी मालसामान जिल्ला–पञ्चायतको सचिवको आदेशानुसार उपयोग गरिने छ।

(४) जिल्ला–पञ्चायतको सवारीका साधनहरू जिल्ला–पञ्चायतको काममा वा सरकारी काममा मात्र जिल्ला–पञ्चायतको सभापति वा सचिवको आदेशानुसार उपयोगमा ल्याइने छ।

५. मूल नियमावलीको नियम ५१ मा संशोधन:– मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ:–

५१. मालसामान खरीद–बिक्री तथा ठेक्का–पट्टा:– (१) जुनसुकै मालसामान खरीद गर्नुपर्दा एक पटकमा रू. ५००।– पाँचसयसम्मको मालसामान जिल्ला–पञ्चायत सचिवको स्वीकृतिले सोझै बजारबाट खरीद गर्न सकिने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रू. ५००।– पांचसयदेखि माथि रू. १०००।– एकहजारसम्मको मालसामान खरीद गर्नुपर्दा ७ सात दिन अगावै सूचना प्रकाशित गरी कमसे कम ३ तीन विक्रेताबाट कोटेशन प्राप्त गरी सबैभन्दा घटी अङ्कमा बिक्री गर्न कबूल गर्ने बिक्रेतासंग खरीद गर्नुपर्छ ।

(३) रू. १०००।– एकहजारदेखि माथि जतिसुकै मोल पर्ने मालसामान खरीद गर्नुपर्दा कमसे कम १५ दिन अगाडि सूचना प्रकाशित गरी घटाघट गराई सबैभन्दा घटी अङ्कमा बिक्री गर्न कबूल गर्ने विक्रेतासंग उक्त मालसामान खरीद गर्नुपर्छ ।

तर तीन पटकसम्म सूचना प्रकाशित गर्दा पनि तीनजनासम्म बिक्रेताहरूको उपस्थिति नभएमा उपस्थित मध्ये घटी अङ्क कबूलगर्ने बिक्रेताबाटै खरीद गरे हुन्छ ।

(४) विशेष ब्राण्ड अथवा उत्पादनको खास व्यापारी नाम भएको मालसामानमा वा निर्धारित मोल भएको प्रख्यात फर्मद्वारा उत्पादित वा निर्मित मालसामान खरीद गर्नुपरेमा एउटै कोटेशनबाट पनि जतिसुकै मोलको मालसामान खरीद गर्न सकिने छ ।

(५) जिल्ला पञ्चायतको कुनै रकम वा कामको ठेक्का–पट्टा बन्दोबस्त गर्नुपरेमा जिल्ला–पञ्चायत सचिवले देहायको कुरा खुलाई १५ दिन अगावै सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त भएका टेण्डरहरू निर्णयको लागि जिल्ला-पञ्चायतको बैठक समक्ष पेश गर्नुपर्छः–

(क) साबिकमा ठेक लागिआएको भए कति रुपैयां वा के शर्तमा ठेक लागेको हो सो कुरा,

(ख) अब कुन शर्तमा ठेक्का दिइने हो सो शर्तहरू,

(ग) टेण्डर पठाउनु पर्ने स्थान वा अधिकारी,

(घ) टेण्डर बापत चाहिने दस्तूर,

(ङ) टेण्डर दाखिल हुनुपर्ने समय मिति, र

(च) टेण्डर खोलिने समय, मिति र स्थान ।

तर टेण्डर आह्वान नगरी बढाबढ वा घटाघट गराइने भएमा खण्ड (क) र (ख) मा लेखिएका कुराहरूको साथसाथै बढाबढ वा घटाघट हुने स्थान, समय, मिति र अन्य आवश्यक कुराहरू समेत उल्लेख गरी सूचना प्रकाशित गर्नुपर्छ ।

(६) जिल्ला–पञ्चायतले कुनै रकमको ठेक्का दिंदा ठेक्का प्राप्त गर्ने व्यक्तिसित ठेक अङ्कको ५ प्रतिशत रकम धरौटी लिई मात्र ठेक्काको पट्टा दिइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) जिल्ला–पञ्चायतले घटाघट गराएको ठेक्काको हकमा सबैभन्दा घटी अङ्क कबूल गर्नेलाई र बढाबढ गराएको ठेक्काको हकमा सबैभन्दा बढी अङ्क कबूल गर्नेलाई ठेक्का दिनु पर्छ ।

(८) जिल्ला–पञ्चायतको बेकम्वा वा काम नलाग्ने मालसामानलाई लिलाम बिक्री गर्नुपर्दा जिल्ला–पञ्चायत सचिवले मालसामानको सूची त्यसको न्यूनतम दर, स्थान, मिति र समयसमेत तोकी अगावै लिखित सूचना स्थानीय जिल्ला–पञ्चायत कार्यालयमा र अन्य प्रमुख ठाउँहरूमा टांसी प्रकाशित गरी लिलाम बिक्री गर्न सक्ने छ ।

तर एक पटकमा रू. १०००।– एकहजारभन्दा बढी मोलको मालसामान लिलाम बिक्री गर्दा जिल्ला–पञ्चायत बैठकको पूर्व स्वीकृति लिनुपर्ने छ ।

(९) दैवी दुर्घटनाले कुनै कारणबाट जिल्ला–पञ्चायतको सम्पत्तिको नोक्सानी हुन गएमा जिल्ला–पञ्चायत सचिवले एक पटकमा रू. ५००।– पांचसयसम्मको मालसामान आफैले मिन्हा गर्न सक्ने छ । एक पटकमा रू. ५००। पांचसयभन्दा माथिको मालसामान मिन्हा गर्नु पर्दा जिल्ला–पञ्चायतको बैठकको पूर्व स्वीकृति लिनुपर्ने छ ।

६. मूल नियमावलीको नियम ५५ मा संशोधनः– मूल नियमावलीको नियम ५५ को खण्ड (ख) मा रहेको "श्री ५ को सरकार, पञ्चायत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार, गृह–पञ्चायत मन्त्रालय" भन्ने शब्दहरू राखिएको छ ।

७. मूल नियमावलीको नियम ५८ मा संशोधनः– मूल नियमावलीको नियम ५८ को सट्टा देहायको नियम ५८ राखिएको छः–

५८. खर्च गर्ने कार्यबिधिः– (१) नियम ५५ (क) अनुसारको रकम जुन कामको लागि र जुन तरीकाले खर्च गर्नको लागि प्राप्त भएको छ सोही काममा सोही तरीकाले जिल्ला–पञ्चायत सचिवको आदेशानुसार खर्च गरिने छ ।

(२) नियम ५५ (ख) अनुसारको रकम जिल्ला–सभाबाट स्वीकृत बजेटभित्र रही त्यसमध्ये आर्थिक सहायता र पुरस्कार, सवारीका साधनहरू र घर जग्गा खरीद र निर्माणसम्बन्धी रकम जिल्ला–पञ्चायतको बैठकको आदेशानुसार र सोदेखि बाहेक अरू रकमहरू जिल्ला–पञ्चायत सचिवको आदेशानुसार खर्च गरिने छ ।

८. मूल नियमावलीको नियम ६६ पछि नियम ६७ थप्नेः– मूल नियमावलीको नियम ६६ पछि देहायको नियम ६७ थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६७. आय–व्ययको हिसाबसम्बन्धी कागजात सुरक्षित राख्ने:– जिल्ला–सभाको कोष-सम्बन्धी आय–व्ययको सम्पूर्ण हिसाब, किताब, बील, भरपाई र अन्य सबै कागज-पत्रहरू जिल्ला–पञ्चायत सचिवको रेखदेखमा दाम–काम गर्ने अधिकारीको जवाफदेही र जिम्मामा रहने छ ।

आज्ञाले–
उपरश्री छेत्रबिक्रम राणा
श्री ५ को सरकारको सचिब ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।